**नेपाल सरकार**

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**बुद्धनगर, काठमाण्डौ ।**

## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पुल्चोक, ललितपुरका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/०४ गते**

सहकारी ऐन २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८०/११/२९ को निर्णयबाट समस्याग्रस्त घोषणा भइ सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न यस समिति समक्ष लेखि आएकोमा सोहि ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

- सञ्चालक तथा कर्मचारीले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समिति समक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोवार नगर्नु नगराउनु हुन ।
- सञ्चालक र कर्मचारीले यस समिति समक्ष उपस्थित भइ आवश्यक सहयोग गर्नु हुन ।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखि ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक/कर्मचारीसँग भुक्तानी सम्बन्धी कारोवार नगर्नु हुन ।
- बचतकर्ताहरुले बचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भएपछी यस समिति समक्ष निवेदन पेश गर्नु हुन ।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र काम कारवाही गर्नु हुन ।
- विस्तृत एवं अद्यावधिक सूचनाको लागि यस कार्यालयको Website- www.coopmc.gov.np हेर्नु हुन ।